नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(....योजना तथा जग्गा प्रशासन शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.:१६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्या:- ३।१।०६८।०८०
प्राप्त पत्र संख्या:- ...............
च.नं.:- ११०

मिति: २०७९।०६।०५

विषयः Software को प्रयोग सम्बन्धमा ।

श्री महाशाखा सबै ।
श्री नापी कार्यालय सबै ।

प्रस्तुत विषयमा श्री भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं. ३.१.।नी.यो।२०७९/८० च.नं. २७५ मिति २०७९।०५।२२ को पत्रसाथ श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प.सं. २०७९/०८० च.नं. सू.प्र.का.।५३० मिति २०७९।५।२० को पत्र प्राप्त भएको छ ।सो सम्बन्धमा विभिन्न मन्त्रालय/निकायहरुमा प्रयोगमा ल्याइएका सफ्टवयरहरुको दुरुपयोग रोक्न, आवश्यकता अनुसार परिमार्जन गर्न तथा साइबर आक्रमणबाट सुरक्षित राख्न प्रयोगकर्ता मन्त्रालय/निकायहरुमा सफ्टवयरको सोर्सकोडहरु सुरक्षित राख्न निर्देशन प्राप्त भएकोले उक्त पत्रमा उल्लेख भए बमोजिम कार्य गर्नु हुन प्राप्त पत्रहरुको छायाँप्रति संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

.............................
(गोविन्द घिमिरे)
नापी अधिकृत

*बोधार्थ*
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार काठमाडौं ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(योजना अनुगमन तथा मूल्यांकन महाशाखा)
नीति, योजना तथा कार्यक्रम शाखा
सिंहदरबार, काठमाडौं

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबार, काठमाडौं

श्री योजना, ... ०५/२२

पत्र संख्याः ३.१/नी.यो./२०७९/८०
च.नं. २८५

मितिः २०७९/०५/२२

**विषयः Software को प्रयोग सम्बन्धमा।**

श्री सबै महाशाखा/शाखाहरु,
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ।
श्री राष्ट्रिय भूमि आयोग, ताहाचल।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल ।
श्री नापी विभाग, मीनभवन ।
श्री सहकारी विभाग, नयाँ बानेश्वर ।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल ।
श्री राष्ट्रिय सहकारी विकास बोर्ड, पुल्चोक।
श्री समस्याग्रस्त सहकारी संस्था व्यवस्थापन कार्यालय, अनामनगर।
श्री गुठी संस्थान, त्रिपुरेश्वर।

नापी विभाग
दर्ता नं. १०६४
प्राप्त मिति २०७९।५।२३

प्रस्तुत विषयमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प.सं. ०७९/८० च.नं. सु.प्र.का./५३० मिति २०७९/०५/२०को पत्र मार्फत विभिन्न मन्त्रालय/निकायहरुमा प्रयोगमा ल्याइएका सफ्टवेयरहरुको दुरुपयोग रोक्न, आवश्यकता अनुसार परिमार्जन गर्न तथा साइबर आक्रमणबाट सुरक्षित राख्न प्रयोगकर्ता मन्त्रालय/निकायहरुमा सफ्टवेयरको सोर्सकोडहरु सुरक्षित राख्न निर्देशन भइआएको छ ।

उक्त पत्रमा उल्लेख भए बमोजिम कार्य गर्नु हुन पत्रको छाँया प्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

ना.अ. श्री गोविन्द जी
५।२

यो.द.नं. २८९
०६।०२

..........................
(गोपाल निरौला)
शाखा अधिकृत

दर्ता नं १२५
मिति : २०७९/५/२२

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

प.सं. :- ०७९/८०
च.नं. :- सु.प्र.का./५३०

मिति :- २०७९/०५/२०

विषय: Software को प्रयोग सम्बन्धमा ।

५४१
०७९।५।२२

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

उपरोक्त सम्बन्धमा विभिन्न मन्त्रालय/निकायहरुले कार्यालयको कामको सन्दर्भमा विभिन्न कम्पनीका विभिन्न किसिमका सफ्टवेयरहरु प्रयोगमा ल्याइरहेका र कतिपय सफ्टवेयरहरुको सोर्सकोड सफ्टवेयर विकास गर्ने वा विकास गर्न लगाउने सरकारी निकायसँग नभएकोले ती सफ्टवेयरहरुको दुरुपयोग हुनसक्ने, आवश्यकतानुसार परिमार्जन गर्न नसकिने र साइवर आक्रमणको जोखिम समेत उच्च हुने देखिएकोले सरकारी निकायले विकास गरी वा विकास गर्न लगाई प्रयोगमा ल्याइएका सफ्टवेयरहरुको हकमा तहाँ मन्त्रालय र अन्तर्गतका निकायहरुले निम्नानुसार गर्न/गराउनु हुन मिति २०७९/०५/१३ को निर्णयानुसार (मा.मन्त्रीस्तरीय) अनुरोध छ ।

१. सफ्टवेयर विकास गर्ने वा सफ्टवेयर विकास गर्न लगाउने सरकारी निकायहरुले अनिवार्य रुपमा सोर्सकोड सुरक्षित राखुपर्ने ।

२. हाल प्रयोगमा रहेका सफ्टवेयरहरुको सोर्सकोड विकास गर्ने/गर्न लगाउने निकायसँग छैन भने सफ्टवेयर विकासकर्ता (Development vender) सँग सम्पर्क गरी सोर्सकोड खोजी सुरक्षित राखे ।

३. सोर्सकोड (Source Code) प्राप्त हुन नसकेका सफ्टवेयरहरु ६ महिना पश्चात संचालनमा नल्याउने व्यवस्था गर्ने ।

प्रमाणित डिजिटल हस्ताक्षर
डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Parbati Thapa Magar
parbati.thapamagar@nepal.gov.np

.............................................
(पार्वती थापा मगर)
कम्प्युटर इन्जिनियर